# आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक क्षमता

महेश प्रसाद भट्ट
पिएचडी शोधार्थी
त्रिभुवन विश्वविद्यालय, नेपाल
कृष्ण प्रसाद पोखरेल
पिएचडी शोधार्थी
नेपाल संस्कृत विश्वविद्यालय, नेपाल

**सार**

प्रस्तुत लेख व्याकरणिक क्षमताको तुलनासँग सम्बन्धित रहेको छ । यसमा सहरी र ग्रामिण क्षेत्रका विद्यालयबाट आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक क्षमताको तुलना गरिएको छ । यस लेखको उद्देश्य ग्रामीण र सहरी विद्यालयका आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक क्षमताको तुलना गर्नु रहेको छ । यसमा मूलतः क्षेत्रीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा प्राथमिक र द्वितीयक दुवै स्रोतको उपयोग गरिएको छ । प्रस्तुत लेख परिमाणात्मक अनुसन्धान ढाँचा र उद्देश्यमूलक नमुना छनोट विधि अबलम्वन गरी तयार पारिएको छ । यसमा मूलतः कक्षा आठ उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक क्षमता परीक्षणका लागि ३० पूर्णाङ्कको प्रश्नावली निर्माण गरी छनोटमा परेका विद्यार्थीमा परीक्षण गरिएको छ । यस अध्ययनबाट सहरी क्षेत्रका विद्यालयबाट आधारभूत तह उर्त्तीण विद्यार्थीहरुको व्याकरणिक तत्त्व पहिचान तथा प्रयोग क्षमता राम्रो रहेको निष्कर्ष निस्केको छ । प्रस्तुत लेखले निर्दिष्ट विषय क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने सरोकारवालालाई सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

*मुख्य शब्दावली* :आधारभूत तह, कार्यमूलक व्याकरण, व्याकरणिक क्षमता, तुलनात्मक अध्ययन ।

## अध्ययनको पृष्ठभूमि

भाषिक अभिव्यक्तिमा कथ्य, लेख्य र साङ्केतिक रूपको प्रयोग गरिन्छ । यी रूप खास नियममा आधारित हुन्छन् । यद्धपि लेख्य रूप तुलनात्मक रुपमा शुद्ध, व्यवस्थित, अनुशासित र स्थिर प्रकृतिको हुन्छ । व्याकरणले विशेषतः लेख्य भाषालाई शुद्ध, स्तरीय र विशिष्ट तुल्याउँदछ । यसरी भाषालाई शुद्ध बनाउन, व्यवस्थित तुल्याउन, अनुशासित, शिष्ट तथा मानक प्रयोग व्यवहार गर्न व्याकरणको सर्वोपरि भूमिका रहन्छ ।

व्याकरणले भाषाको शुद्ध सिकाइलाई निर्देश गर्छ । वेदका छ अङ्गमध्ये एक अङ्ग मानिएको व्याकरणले रूपदेखि सङ्कथनसम्मका संरचनालाई व्यवस्थित एवम् नियमसम्मत बनाउँछ । यसले भाषाको शुद्धता निरुपण गर्न मद्दत गर्दछ । यो भाषामा अन्तर्निहित विषयका रुपमा देखा पर्छ । भाषाका आन्तरिक संरचनामा अन्तर्निहित विशेषता (नियम र अपवादसमेत) नै व्याकरण हो (ढकाल र खतिवडा, २०६९, पृ.२९४) । भाषामा हुने विशृङ्खलता वा विकृतिहरूलाई सुधार गरी स्तरीय भाषिक रूपको प्रयोग गर्ने सुझको विकास गर्न र सही र गलत प्रयोग छुट्याउने सचेतताको विकास गरी निरीक्षण, पर्यवेक्षण, विश्लेषण र व्याख्या गर्न सक्ने सक्षमता हासिल गराउन व्याकरण शिक्षणलाई  भाषाशिक्षणको अभिन्न अङ्गका रूपमा लिइनु पर्छ (शर्मा र पौडेल, २०६७, पृ.२१८) । व्याकरण शिक्षण विधागत पाठसँग एकीकृत गरी, रचनामुखी तरिकाले गर्नु पर्दछ ।

आधारभूत तहमा भाषिक सिपका साथै व्याकरणिक तत्त्वको ज्ञान, सुझ तथा पहिचान र उपयुक्त प्रयोग गर्न सक्ने क्षमता विकास गराउन सके माथिल्लो तहमा भाषा सिकाइका अपेक्षित उद्देश्य हासिल गर्न सहज हुन्छ । 'आधारभूत तहको पाठ्यक्रम' (२०६९) मा भाषाको शुद्ध सिकाइप्रति अभिप्रेरित गर्न, विधागत पाठभित्रबाट नियमको खोजी गरी व्याकरणिक तत्त्वको पहिचान र उपयुक्त प्रयोग गर्न सक्ने क्षमताको विकास गर्न कार्यमूलक व्याकरण समाविष्ट गरिएको देखिन्छ । वस्तुतः प्रस्तुत लेख आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकणिक क्षमताको तुलनात्मक अध्ययन विश्लेषणमा केन्द्रित गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य ग्रामीण र सहरी विद्यालयका आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन र रिक्तता पहिचान

व्याकरणिक क्षमतासँग सम्बन्धित रहेर यस अघि केही सैद्धान्तिक र प्रायोगिक कार्यहरु सम्पन्न भएका छन् । शर्मा (२०६१) द्वारा *शब्दरचना र वर्णविन्यास वाक्यतत्त्व*, *अभिव्यक्ति र साहित्य*नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको पहिलो खण्डमा व्याकरणिक खण्ड अन्तर्गत शब्दवर्गीकरण र शब्दवर्ग, क्रिया र काल, पक्ष, भाव, वाच्य, कारक र विभक्ति, पदसङ्गति लगायतका व्यककरणिक पक्ष बारे सोदाहरण चर्चा गरिएको छ । त्यसैगरी अधिकारी (२०७६) द्वारा *समसामयिक नेपाली व्याकरण* नामक पुस्तक प्रकाशन गरिएको छ । यसमा सङ्गति शीर्षक अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदरको बारेमा चर्चा गरिएको छ । पौडेल, भट्टराई र चौलागाईं (२०७७) द्वारा *प्रज्ञा नेपाली शैक्षणिक व्याकरण* नामक पुस्तक प्रकाशन गरिएको छ । यो व्याकरण प्रयोगात्मक प्रकृतिको छ । शिक्षार्थीहरूका लागि उपयोगी यस व्यारणमा शब्दरुपावली शीर्षक अन्तर्गत लिङ्ग, वचन, पुरुष, आदर, कारक र विभक्ति, काल र पक्ष, भाव, वाच्य, अकरणको ज्ञान तथा पदसङ्गति अन्तर्गत लिङ्गसङ्गति, वचनसङ्गति, पुरुष र आदरसङ्गतिलाई प्रयोगात्मक विधिअनुरुप चिनाउन खोजिएको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका केही क्याम्पसहरुमा सोपाधिक अनुसन्धान प्रयोजनार्थ व्याकरणिक क्षमताको अध्ययन सम्बन्धी केही अनुसन्धानहरु (पाठक, २०७३; पौडेल, २०७४; सुनार, २०७५; ढकाल २०७७) भएका भेटिन्छन् । उल्लिखित कार्यहरूमा भुगोललाई अनुसन्धेय चर मानी अनुसन्धान गरिएको पाइदैन । वस्तुतः भौगोलिक परिवेश भिन्नहुँदा व्याकरणिक क्षमतामा केकस्तो प्रभाव देखा पर्छ भन्ने पक्ष नै यस अनुसन्धानको रिक्तताका रुपमा पहिचान गरिएको छ । यस रिक्ततालाई परिपूर्ण गर्न तथा सैद्धान्तिक र अवधारणात्मक ढाँचा निर्माणमा समेत निर्दिष्ट कार्यहरु उपयोगी र महत्त्वपूर्ण देखिन्छन् ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख तयारीका क्रममा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा लमजुङ जिल्लामा अवस्थित सर्वोदय माध्यमिक विद्यालय र नवलसरासी स्थित नेपाल नमुना माध्यमिक विद्यालयबाट २०७७/७८ सालमा कक्षा ८ उत्तीर्ण गरेका १७१ जना विद्यार्थीलाई जनसङ्ख्याको रुपमा लिइएको छ । यसमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । यी दुवै विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरेका विद्यार्थी मध्ये १०–१० जना छात्र र १०–१० जना छात्राको प्रतिनिधित्व हुनेगरी जम्मा ४० जना विद्यार्थीलाई नमुनाको रुपमा लिइएको छ । यसमा मूलतः क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसमा कक्षा आठ उत्तीर्ण जम्मा ४० जना विद्यार्थीमाथि प्रयोग गरिएका प्रश्नावलीबाट प्राप्त परिणामलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ

। निर्दिष्ट विषय सम्बद्ध अनुसन्धानमूलक कार्यहरू, व्याकरणहरू, पत्रपत्रिकामा प्रकाशित लेख तथा रचनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अध्ययनमा निगमन विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ । यसमा पाठ्यक्रम सम्बद्ध सक्षमता तथा कार्यमूलक व्याकरणलाई मूल आधार मानी ३० पूर्णाङ्कको प्रश्नानली निर्माण गरी परीक्षण गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकीकरण गरी तुलनात्मक विश्लेषण गरिएको छ । यसक्रममा उच्च अङ्क, न्यून अङ्क र औसत अङ्कको तुलनात्मक विश्लेषण गरिएको छ । यसमा औसत अङ्कका लागि निम्नानुसारको सूत्रको गरिएको छ :

सूत्र : $\overline{(X)} = \frac{\Sigma X}{N}$

व्याख्या : (X = औसत प्राप्ताङ्क, ΣX=. कुल प्राप्ताङ्कको योग र N = जम्मा विद्यार्थी सङ्ख्या)

## परिसीमा

प्रस्तुत लेख परिमाणात्मक ढाँचा र निगमन विधिमा सीमित रहेको छ । यसलाई दुई वटा विद्यालयका ४० जना विद्यार्थीमा सीमित गरिएको छ । यो अध्ययन लमजुङको सर्वोदय माध्यमिक विद्यालय र नवलपरासीको नेपाल नमुना माध्यमिक विद्यालयका आधारभूत तह उत्तीर्ण २०/२० जनाका दरले जम्मा ४० जना विद्यार्थीमा निर्मित प्रश्नावलीको परीक्षण गरी व्याकरणिक क्षमताको तुलना गर्नमा केन्द्रित रहेको छ । यसरी तुलना गर्दा अध्ययनलाई शब्दवर्ग, कारक, लिङ्ग, वचन, पुरुष, काल र पक्ष, ध्रुवीयता, भाव र सङ्गति शीर्षकमा पहिचान तथा प्रयोग क्षमतामा मात्र परिसीमित गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

व्याकरण भाषाको नियम हो । भाषालाई व्यवस्थित, अनुशासित, शिष्ट र स्तरीय बनाउने तथा सोहीअनुरूप बोल्न, लेख्न, वा प्रयोग गर्न सिकाउने महत्त्वपूर्ण शास्त्र हो । वि+आ+कृ+अन् बाट व्याकरण शब्दको निर्माण भएको हो । यो भाषाको तत्त्वहरूसँग सम्बन्धित हुन्छ । खासमा व्याकरण भनेकै भाषाका नियमहरू हुन् । यो मुख्यतः रुपिमदेखि वाक्यसम्मका सार्थक भाषिक एकाइहरूलाई व्यवस्थित गर्ने पद्धति हो (शर्मा, २०७१, पृ.२७) । 'प्रयोगात्मक नेपाली शब्दकोश' (२०६६, पृ.९३१) मा व्याकरणलाई भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिमा अन्तर्निहित व्यवस्थाका रुपमा चिनाइएको छ । यसैगरी 'नेपाली बृहत् शब्दकोश' (२०६९, पृ.११७८) मा कुनै भाषाका शब्द, शब्दका विभिन्न रुप, तिनका संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउनुका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरुपण गर्ने शास्त्रका रुपमा चिनाइएको छ । यसले शुद्ध, शिष्ट भाषा अभिव्यक्ति क्षमताको विकासमा सक्षमता हासिल गराउँछ । मानक भाषा प्रयोग क्षमताको विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

वेदका छ अङ्गहरू: शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द र ज्योतिषमध्ये व्याकरण एक महत्त्वपूर्ण विधा हो । अभिव्यक्तिको माध्यम भाषा हो । भाषालाई एउटा ढाँचामा व्यवस्थित गर्ने काम व्याकरणको हो (भण्डारी, २०७४, पृ.१५८) । विश्वमा सात हजारभन्दा बढी भाषा प्रयोग व्यवहारमा रहेका छन् । ती हरेक भाषा आफ्नै खालका नियममा आबद्ध हुन्छन् । प्रत्येक भाषामा आआफ्ना किसिमका नियमहरूद्वारा नियन्त्रित व्याकरण व्यवस्था हुन्छन् (पौडेल, २०६९, पृ.१७९) । अतः भाषामा अन्तर्निहित नियमका रुपमा, भाषामा अन्तर्निहित व्यवस्थाका रुपमा व्याकरणलाई लिन सकिन्छ ।

व्याकरण भाषामा सन्निहित व्यवस्था हो । व्याकरण भाषाको आन्तरिक संरचना सम्बद्ध तत्त्व हो र यसले भाषाका तिनै आन्तरिक संरचना र नियमहरूको व्याख्या एवम् विश्लेषण गर्छ (शर्मा र पौडेल, २०६७,पृ.२१८) । यसलाई भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णन गर्ने विषयका रुपमा बुझ्न सकिन्छ । भाषाबिना व्याकरणको अस्तित्व नरहने तथा व्याकरणबिनाको भाषा निरर्थक रहने भएकाले भाषा र व्याकरणलाई एकअर्काका अभिन्न अङ्ग वा एकअर्काका परिपूरक मानिन्छ ।

भाषाका आधारमा व्याकरण निर्माण गरिने हुँदा भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ । भाषाबिना व्याकरणको कल्पना गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट अलग गराएर कृत्रिम तरिकाले शिक्षण गर्न खोज्दा भाषाशिक्षणमा अस्वभाविकता आउने मात्र नभई अवैज्ञानिकता र अव्यावहारिकता पनि देखा पर्छ (ढकाल र खतिवडा, २०६९, पृ.१९४) ।  भाषालाई नियममा आबद्ध गर्न, भाषामा शुद्धताका साथै अनुशासन कायम गर्न, मानक भाषा प्रयोग गर्ने क्षमताको विकास गर्न, शुद्ध शब्द तथा वाक्यको प्रयोग गर्न, भाषिकागत एवं शैलीगत विचरण हटाउन, स्तरीय मानक भाषाको प्रयोग गर्न त्रुटि रहित ढङ्गले भाषा शिक्षण गर्न आदि कार्यमा भाषा शिक्षणमा व्याकरणको अपरिहार्यता रहन्छ ।

विद्यालय तहमा व्याकरणलाई छुट्टै विषयका रूपमा नराखी नेपाली विषयकै पाठ्यक्रम तथा पाठ्यपुस्तकभित्र समाविष्ट गरिएको पाइन्छ । विशेषतः विधागत पाठको माध्यमबाट व्याकरणिक तत्त्व र त्यसको प्रयोग सम्बन्धी अवधारणाको विकास गराउने, शुद्ध भाषाको प्रयोगप्रति अभिप्ररित गराउने तथा स्तरीय मानक नेपाली सिकाउने ध्येय अनुरुप कार्यमूलक व्याकरणलाई पाठ्यपुस्तकमा समाविष्ट गरिएको भेटिन्छ । यसक्रममा सरलदेखि जटिलताको क्रममा आगमनात्मक, भाषा संसर्ग, भाषापाठ्यपुस्तक जस्ता विधि तथा कार्यमूलक र रचनामुखी अवधारणाको अवलम्बन गरी व्याकरणात्मक सुझको विकास गराउन खोजिएको देखिन्छ ।


व्याकरणलाई भाषिक अनुशासन, व्यवस्था र भाषा संरचनामा पाइने विशेषताका रुपमा बुझ्न सकिन्छ । कार्यमूलक अवधारणाअनुसार व्याकरण शिक्षण गर्नुपर्ने मतो बढ्दै गएको छ । व्याकरण शिक्षणलाई नियमको पर्यायवाची नमान्ने, यसको शिक्षणमा सिद्धान्तीकरणलाई जोड दिनु नपर्ने, व्याकरणलाई भाषाबाट अलग गर्न नहुने, भाषिक सिप सक्षमता र व्याकरणिक सक्षमतालाई पृथक् पृथक् सिकाइ शिक्षणका क्षेत्र मान्न नहुने एवम् व्याकरण शिक्षणलाई औपचारिकतामा मात्रै सीमित गर्न नहुने दृष्टिकोण प्रबल रूपमा उठ्न थालेको छ ।

कार्यमूलक विधिले भाषिक प्रकार्यको सुझ विकासका लागि व्याकरणिक तत्वको भूमिका पहिचान गराउनु पर्ने दृष्टिमा जोड दिन्छ । यसका लागि भाषापाठ्यपुस्तकका विधागत पाठहरूलाई व्याकरण शिक्षणका आधिकारिक शैक्षणिक सामग्री मान्नु पर्ने विचार अगाडि सार्छ । व्याकरणलाई भाषिक प्रकार्यबाट टाढा राख्न मिल्दैन । यसका लागि पाठ्यविषयको आवृत्तिमूलकता, प्राप्यमूलकता, विस्तरणमूलकता तथा व्यापनमूलकतालाई ख्याल गरिनु पर्छ । यसो गर्दा व्याकरणलाई खण्ड खण्ड वा अंश अंशमा शिक्षण गर्नु हुँदैन ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत लेखमा अवाधारणात्मक ढाँचाका लागि आधारभूत तहको पाठ्यक्रम निर्दिष्ट सक्षमतालाई मूल आधार बनाइएको छ । साथै कार्यमूलक व्याकरणलाई पनि आाधार बनाइएको छ । यसैगरी शैक्षणिक व्याकरण र अन्य व्याकरणका आधिकारिक पुस्तकहरूलाई आवश्यकता अनुरुप प्रयोग गरिएको छ । कार्यमूलक व्याकरण शिक्षणका क्रममा उपयोग गरिने विधिहरूको अनुग्रहण

गरिएको छ । प्रस्तुत लेख तयारीका क्रममा निम्नानुसारको अवधारणात्मक ढाँचालाई अवलम्वन गरिएको छ :



## व्याकरणिक क्षमताको तुलनात्मक विश्लेषण

आधारभूत तहको भाषापाठ्यक्रम (२०६९) मा कार्यमूलक व्याकरण समाविष्ट गरिएको छ । सोही अनुरुप यस तहका भाषपाठ्यपुस्तकमा पाठ्यवस्तुको प्रकृति अनुरुप व्याकरणिक विषयलाई समाविष्ट गरी व्याकरणिक तत्त्वको पहचान गर्न, त्यसको उपयुक्त पयोग गर्न र खास व्याकरणिक क्षमताको विकास गर्न व्याकरणिक विषय समावेश गरिएको छ । त्यसो त कक्षा आठको पाठ्यक्रममा व्याकरणिक तत्त्व अन्तर्गत सङ्गति, काल, पक्ष, भाव र अर्थ, वाक्य परिवर्तन, वाच्य, शब्दवर्ग र कारक, विभक्ति आदिलाई समावेश गरिएको छ । अतः आठ कक्षा उत्तीण विद्यार्थीहरूमा पाठ्यक्रमले अपेक्षा गरे अनुरुप व्याकरणिक सक्षमता के कति मात्रामा हासिल भएको छ, दुई फरक भौगोलिक क्षेत्रका विद्यार्थीको उक्त पक्ष पहिचान र प्रयोग क्षमता तुलनात्मक रुपमा कस्तो छ भन्ने पक्षलाई यसमा अध्ययनको विषय बनाइएको छ । यसमा परीक्षणबाट प्राप्त तथ्याङ्कलाई अलग अलग र समग्र रुपमा तालिकामा प्रस्तुत गरी तुलनात्मक विश्लेषण गरिएको छ :

### शब्दवर्ग पहिचान क्षमताको तुलनात्मक विश्लेषण

शब्द स्वतन्त्र रुपमा अर्थ दिन सक्ने भाषाको एकाइ हो । यसलाई विभिन्न आधारमा विभाजन गरिएको भेटिन्छ । शब्दको विभाजनलाई शब्दवर्ग भनिन्छ (शर्मा, २०६१, पृ.२९) । परम्परागत रुपमा शब्दवर्ग नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात गरी जम्मा नौ प्रकारका छन् । कतिपयले यसलाई नाम, सर्वनाम, विशेषण, क्रियापद र अव्यय गरी पाँच भागमा समेत वर्गीकरण गरेका छन् । प्रस्तुत लेखमा शब्दवर्ग पहिचान सम्बन्धी गरिएको परीक्षणमा प्राप्त नतिजाको तुलना यसप्रकार छ :

*तालिका १. शब्दवर्ग पहिचान क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| **पूर्णाङ्क** | ३ | ३ |
| **प्राप्ताङ्कको कुल योग** | ३७.५ | ५०.५ |
| **औसत अङ्क** | १.८८ | २.५३ |
| **सबैभन्दा बढी प्राप्ताङ्क** | ३ | ३ |
| **सबैभन्दा कम प्राप्ताङ्क** | १ | १.५ |

निर्मित प्रश्नावलीको प्रश्न नं १ मा शब्दवर्ग सम्बन्धी तीन पूर्णाङ्कमा ग्रामीण र सहरी गरी दुई विद्यालयका २०/२० जना विद्यार्थीहरूमा शब्दवर्ग पहिचानको परीक्षण गरिएको थियो । यसबाट प्राप्त परिणामबारे प्रस्तुत तालिकाका आधारमा अध्ययन गर्दा ग्रामीण विद्यालयको प्राप्ताङ्कको कुल योग ३७.५ रहेको देखिन्छ । यसैगरी सहरी विद्यालयको कूल प्राप्ताङ्कको योग ५०.५ रहेको देखिन्छ । तालिकामा ग्रामीण विद्यालयको औषत अङ्क १.८८ र सहरी विद्यालयको औषत अङ्क २.५३ रहेको देखिन्छ । ग्रामीण विद्यालयका २० जना विद्यार्थीमध्ये को सबै भन्दा बढी प्राप्त अङ्क ३ र सबैभन्दा कम प्राप्त अङ्क १ रहेको छ भने सहरी विद्यालयतर्फ सबै भन्दा बढी प्राप्त अङ्क ३ र सबैभन्दा कम प्राप्त अङ्क १.५ रहेको देखिन्छ । यसरी शब्दवर्ग पहिचान सम्बन्धी यस तालिकामा

सबैभन्दा बढी अङ्कमा समानता देखिए पनि प्राप्ताङ्कको कूल योग, औषत अङ्क दुवैमा ग्रामीणभन्दा सहरी विद्यालयको नतिजा राम्रो रहेको पाइन्छ ।

### कारक र विभक्ति पहिचान क्षमताको तुलनात्मक विश्लेषण

वाक्यमा नामिक शब्दको प्रकार्य वा प्रतिफलन (कर्ता, कर्म आदि) जनाउने व्याकरणात्मक काटिलाई कारक भनिन्छ (शर्मा, २०७१, पृ.४०८) प्रकार्यका आधारमा कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधीकरण गरी छ प्रकारका छन् । यस्तै विभक्ति सात प्रकारका छन् । नेपालीमा विभक्तिका साथै केही नामयोगीले पनि कारकको सङ्केत गर्दछन् (पौडेल, भट्टराई र चौलागाइँ, २०७७, पृ.९९) । प्रस्तुत लेखमा विद्यार्थीहरूको कारक पहिचान क्षमताको परीक्षणका लागि सोधिएका प्रश्नमा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

*तलिका २. कारक र विभक्ति पहिचान क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | २ | २ |
| प्राप्ताङ्कको कुल योग | २०.५ | २१.५ |
| औसत अङ्क | १.०३ | १.०८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | २ | १.५ |
| सबैभन्दा कम प्राप्ताङ्क | ०.५ | ०.५ |

प्रश्न नं दुईमा दुई पूर्णाङ्कमा विद्यार्थीको कारक पहिचानको परीक्षण गरिएको छ । यसरी ग्रामीण र सहरी गरी दुई विद्यालयका २०/२० जना विद्यार्थीहरूमा कारक पहिचान क्षमता परीक्षण गरिएकोमा ग्रामीण विद्यालयको प्राप्ताङ्कको कुल योग २०.५ रहेको देखिन्छ । यसैगरी सहरी विद्यालयको कूल प्राप्ताङ्कको योग २१.५ रहेको देखिन्छ । तालिकालाई हेर्दा ग्रामीण विद्यालयको औषत अङ्क १.०३ र सहरी विद्यालयको औषत अङ्क १.०८ रहेको देखिन्छ । ग्रामीण विद्यालयको सबै भन्दा बढी प्राप्त अङ्क २ र सहरी विद्यालयको १.५ देखिन्छ । यसैगरी ग्रामीणतर्फ सबैभन्दा कम प्राप्त अङ्क ०.५ तथा सहरी विद्यालयतर्फ सबैभन्दा कम प्राप्त अङ्क ०.५ रहेको देखिन्छ । यसरी दुई भौगोलिक क्षेत्रको कारक पहिचान सम्बन्धी यस तालिकालाई अध्ययन गर्दा प्राप्ताङ्कको कूल योग र औषत अङ्क दुवैमा ग्रामीणभन्दा सहरी विद्यालयको नतिजा राम्रो रहेको देखिन्छ ।

### लिङ्गको प्रयोग क्षमताको तुलनात्मक विश्लेषण

लिङ्गले जातिलाई बुझाउँछ (शर्मा, २०६१, पृ.७७) । यसर्थ लिङ्ग पुरुष जाति वा स्त्री जाति बुझाउने व्याकरणिक कोटि हो । नेपाली व्याकरणमा लिङ्ग पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका छन् । प्रस्तुत लेखमा विद्यार्थीहरूको लिङ्ग प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

*तलिका ३. लङ्ग प्रयोग क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ३ | ३ |
| प्राप्ताङ्कको कुल योग | ४५ | ४० |
| औसत अङ्क | २.२५ | २ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |

यस अध्ययनमा लिङ्ग प्रयोग सम्बन्धी जम्मा तीन पूर्णाङ्कको प्रश्न सोधिएको थियो । जसमा ग्रामीण विद्यालय र सहरी विद्यालयको प्राप्ताङ्कको कुल योग क्रमशः ४५ र ४० रहेको देखिन्छ । तालिकामा ग्रामीण विद्यालयको २० जना विद्यार्थीको प्राप्ताङ्कको औसत अङ्क २.२५ देखिन्छ भने सहरीको प्राप्ताङ्कको औसत अङ्क जम्मा २ रहेको देखिन्छ । यसर्थ औषत अङ्कलाई तुलना गर्दा लिङ्ग प्रयोग क्षमता ग्रामीण विद्यालयको राम्रो देखिन्छ । यसै गरी ग्रामीण विद्यालयको सबैभन्दा बढी अङ्क ३ र कम अङ्क १ देखिन्छ भने सहरीतर्फ अध्ययन गर्दा सबैभन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ देखिन्छ । जसमा समानता देखिन्छ । यद्यपि अङ्कको कूल योग र औषत अङ्कका आधारमा सहरीभन्दा ग्रामीण विद्यालय नतिजा राम्रो देखिन्छ ।

### वचन प्रयोग क्षमता सम्बन्धी तुलनात्मक विश्लेषण

वचन सङ्ख्या बुझाउने व्याकरणिक कोटि हो । नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । त्यसैले यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ (अधिकारी, २०७६, पृ.८९) । नेपाली व्याकरणमा एकवचन र बहुवचन गरी वचन दुई प्रकारका छन् । प्रस्तुत लेखमा विद्यार्थीहरूको वचन प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

*तलिका ४ वचन प्रयोग क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ३ | ३ |
| प्राप्ताङ्कको कुल योग | ४६ | ४६ |
| औसत अङ्क | २.३ | २.३ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | ० | १ |

व्याकरणिक क्षमता तुलनाका निमित्त प्रश्न नं चारमा तीन पूर्णाङकमा विद्यार्थीको वचन पहिचान सम्बन्धी परीक्षण गरिएको थियो । परीक्षणमा यस सम्बन्धी प्राप्त परिणाम अनुसार ग्रामीण र सहरी दुवै विद्यालयका विद्यार्थीहरूले वचनसम्बन्धी परीक्षणमा प्राप्त गरेको कुल अङ्कको योग ४६/ ४६ रहेको देखिन्छ । जसमा समानता छ । तालिकालाई हेर्दा दुवै विद्यालयको औषत अङ्क २.३/२.३ र सबै भन्दा बढी प्राप्त अङ्क ३/३ रहेकाले यसमा पनि समानता देखिन्छ । यसैगरी ग्रामीणतर्फ सबैभन्दा कम प्राप्त अङ्क ० (शून्य) देखिन्छ तथा सहरी विद्यालयतर्फ सबैभन्दा कम प्राप्ताङ्क १ रहेको देखिन्छ । यसरी वचन सम्बन्धी परीक्षण अध्ययन गर्दा सबैभन्दा कम अङ्कका आधारमा सहरी विद्यालय अगाडि देखिए पनि प्राप्ताङ्कको कूल योग र औषत अङ्क दुवैमा ग्रामीण र सहरी विद्यालयको नतिजामा समानता रहेको देखिन्छ ।

### पुरुष प्रयोग क्षमताको तुलनात्मक विश्लेषण

पुरुष वक्ता, श्रोता र विषयका बारेमा जानकारी गराउने व्याकरणिक कोटि हो । अभिव्यक्तिमा संलग्न सहभागिको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटिलाई पुरुष भनिन्छ (अधिकारी, २०७६, पृ. ९८) । प्रथम, द्वितीय र तृतीय गरी नेपाली व्याकरणमा तीन पुरुष छन् । प्रस्तुत लेखमा विद्यार्थीहरूमा पुरुष प्रयोग क्षमताको परीक्षण गर्दा निम्नअनुसारको नतिजा प्राप्त भएको देखिन्छ :

*तालिका ५. पुरुष प्रयोग क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ३ | ३ |
| प्राप्ताङ्कको कुल योग | २६ | ३५ |

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| औसत अङ्क | १.३ | १.७५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |

पुरुष प्रयोग क्षमता परीक्षणका लागिजम्मातीन अङ्कको प्रश्न सोधिएको थियो । जसमा ग्रामीणतर्फ का २० जना विद्यार्थीहरूले प्राप्त अङ्को कुल योग २६ छ । यसैगरी सहरी विद्यालयको २० जनाको प्राप्ताङ्को कूल योग ३५ रहेको छ त्यस्तै ग्रामीण विद्यालयको औषत अङ्क १.३ र सहरीको चाहिँ १.७५ रहेको छ । अतः पुरुष प्रयोग क्षमतामा ग्रामीण विद्यालयभन्दा सहरी विद्यालको परिणाम राम्रो देखिन्छ । यसमा ग्रामीण विद्यालयको सबैभन्दा बढी अङ्क ३ र कम अङ्क १ रहेको छ भने सहरी विद्यालयको पनि सबैभन्दा बढी प्राप्ताङ्क ३ र कम प्राप्ताङ्क १ रहेको छ । समग्रतः औसत अङ्क अध्ययन गर्दा सहरी विद्यालयका विद्यार्थीहरूको माथि रहेको हुँदा पुरुष प्रयोग क्षमता तुलना गर्दा सहरी विद्यालयको राम्रो छ ।

### काल र पक्षको प्रयोग क्षमताको तुलनात्मक विश्लेषण

काल भनेको समय हो । नेपाली भाषामा काल वा समयको अभिव्यक्ति मुख्यतः क्रियाले गर्छ ( शर्मा, २०७१, पृ.४९४) । परम्परागत रुपमा हेर्दा नेपाली व्याकरणमा काललाई भूत, वर्तमान र भविष्यत् गरी मुख्यतः तीन प्रकारमा वर्गीकरण गरिएको छ । आधुनिक सन्दर्भमा हेर्दा काललाई भूत र अभूत काल गरी विभाजन गरिएको देखिन्छ ।यस्तै क्रियाको अवस्था जनाउने पक्षलाई पाँच भागमा विभाजन गरिन्छ । प्रस्तुत लेखमा विद्यार्थीहरूमा कालको प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

*तालिका ६. काल र पक्ष प्रयोग क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ५ | ५ |
| प्राप्ताङ्कको कुल योग | ४६ | ७३ |
| औसत अङ्क | २.३ | ३.६५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ४ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | २ |

प्रश्न नं ६ मा काल र पक्ष सम्बन्धी जम्मा ५ पूर्णाङकमा विद्यार्थीको परीक्षण गरिएको थियो । यसमा प्राप्त परिणाम अनुसार ग्रामीण विद्यालयका २० जना विद्यार्थीहरूले काल र पक्ष पहिचान र प्रयोग क्षमतामा प्राप्ताङ्कको कुल योग ४६ देखिन्छ तर सहरी विद्यालयको त्यति नै विद्यार्थीले ल्याएको कूल प्राप्ताङ्कको योग ७३ देखिन्छ । तालिकामा ग्रामीण विद्यालयको औषत अङ्क २.३ र सहरी विद्यालयको औषत अङ्क ३.६५ रहेको देखिन्छ । यसमा ग्रामीण विद्यालयको तुलनामा सहरी विद्यालयको परिणाम निकै राम्रो भेटिन्छ । यस्तै ग्रामीण विद्यालयका २० जना विद्यार्थीमध्ये सबै भन्दा बढी प्राप्त अङ्क ४ र सबैभन्दा कम प्राप्त अङ्क १ रहेको छ देखिन्छ । यता सहरी विद्यालयतर्फ सबै भन्दा बढी प्राप्त अङ्क ५ मा ५ र सबैभन्दा कम प्राप्त अङ्क २ रहेको देखिन्छ । यसरी यस तालिकामा प्राप्ताङ्कको कुल योग, औषत अङ्क, सबैभन्दा बढी अङ्क र सबैभन्दा कम अङ्क सबैमा ग्रामीण विद्यालयको तुलनामा सहरी विद्यालयको नतिजा राम्रो रहेको पाइन्छ ।

### धुव्रीयता प्रयोग क्षमताको तुलनात्मक विश्लेषण

धुव्रीयता अन्तगर्त मूलतः करण र अकरणको अध्ययन गरिन्छ । करण र अकरण दुई व्यतिरेकी धुव्र हुन् (शर्मा, २०७१, पृ.४५७) । यी दुईले वाक्यलाई निषेधात्मक र अनिषेधात्मक तुल्याउने गर्दछन् । प्रस्तुत लेखमा करण अकरण पहिचान क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

*तालिका ७. धुवीयता प्रयोग क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ३ | ३ |
| प्राप्ताङ्कको कुल योग | ५० | ५२ |
| औसत अङ्क | २.५ | २.६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |

विद्यार्थीहरूको व्याकरणिक क्षमता परीक्षण गर्न विद्यार्थीहरूलाई करण अकरण सम्बन्धी तीन अङ्कको प्रश्न दिएएको थियो । यसमा ग्रामीण विद्यालय र सहरी विद्यालयको तुलना गर्दा प्राप्ताङ्कको कुल योगमा क्रमशः ५० र ५२ रहेको देखिन्छ । यसैगरी ग्रामीणतर्फका विद्यार्थीहरूले प्राप्त गरेको औसत अङ्क २.५ तथा सहरीतर्फका विद्यार्थीहरूको औसत अङ्क सो भन्दा बढी २.६ देखिन्छ । ग्रामीण विद्यालयका विद्यार्थीहरूले कूल ३ पूर्णाङ्कमा सबैभन्दा बढी अङ्क ३ ल्याएका छन् भने सबैभन्दा कम अङ्क १ ल्याएका छन्। यसैगरी सहरी विद्यालयका विद्यार्थीहरूले कूल ३ पूर्णाङ्कमा सबैभन्दा बढी अङ्क ३ ल्याएका छन् भने सबैभन्दा कम अङ्क १ ल्याएका छन् । जसमा दुवै विद्यालयको नतिजा समान देखिन्छ समग्रतः यसमा प्राप्ताङ्को कूलयोग ५२ र औषत रहनु र अङ्क २.६ हुनुले ग्रामीणको भन्दा सहरी क्षेत्रका विद्यार्थीहरूको धुव्रीयता प्रयोग क्षमता राम्रो मानिन्छ ।

### भाव प्रयोग सम्बन्धी तुलनात्मक विश्लेषण

भाव वक्ताको मनोभाव वा आशय बुझाउने क्रियापदको रुप हो । क्रियाद्वारा वक्ताको मनोभाव तथा मनोवृत्ति जनाउने कोटिलाई भाव (वृत्ति) भनिन्छ (अधिकारी, २०७६, पृ.१३८) । यस अन्तर्गत मुख्यतः सामान्यार्थ, विध्यार्थ, सम्भावनार्थ र सङ्केतार्थ पर्दछन् । 'शैक्षणिक व्याकरण' (२०७७, पृ.१३७) मा उल्लेख गरिए अनुसार नेपालीमा निश्चयार्थ, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी पाँच अर्थ छन् । यहाँ निश्चयार्थलाई सामान्यार्थकै रुपमा चिनाउन खोजिएको छ । प्रस्तुत अनुसन्धानमा व्याकरणिक प्रयोग क्षमता अन्तर्गत भाव प्रहिचान क्षमताको मूल्याङ्कन गर्दा आज्ञार्थ, इच्छार्थ र सम्भावनार्थको मात्र गरिएको छ । जसमा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

*तालिका ८. भाव प्रयोग क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ३ | ३ |
| प्राप्ताङ्कको कुल योग | ३१ | ३९ |
| औसत अङ्क | १.५५ | १.९५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ३ | ३ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |

भाव सम्बन्धी तीन अङ्कको प्रश्नमा दुवै विद्यालयको परिणाम तुलना गर्दा ग्रामीण विद्यालका विद्यार्थीहरूको प्राप्ताङ्कको कुल योग ३१ र सहरी विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कको कुल योग

३९ रहेको छ । यसैगरी ग्रामीण विद्यालमा विद्यार्थीहरूले प्राप्त गरेको औसत अङ्क १.५५ र सहरी विद्यालयको १.९५ देखिन्छ । यस आधारमा ग्रामीणभन्दा सहरी विद्यालयको परिणाम राम्रो देखिन्छ । त्यस्तै यसमा दुवै विद्यालयको सबैभन्दा बढी अङ्क ३ र सबैभन्दा कम अङ्क १ रहेको देखिन्छ । जसमा समानता छ । तथापि औसत अङ्क हेर्दा सहरी विद्यार्थीहरूको भाव प्रयोग क्षमता राम्रो देखिन्छ ।

### पदसङ्गति क्षमताको तुलनात्मक विश्लेषण

वाक्यमा प्रयुक्त पद लिङ्ग, वचन, पुरुष र आदर अनुरुप मिलेर रहेका हुन्छन् । यसरी वाक्यमा प्रयुक्त कर्ता र क्रियापद, नाम र सर्वनाम, विशेषण र नामपदका बीचमा लिङ्ग, वचन, पुरुष र आदरका आधारमा हुने मेल नै पदसङ्गति हो (पौडेल, भट्टराई र चौलागाईं, २०७७, पृ.१७६) । अधिकारी (२०७६, पृ.८३) का अनुसार वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपायनिक मेल वा अनुकूलनलाई सङ्गति भनिन्छ। वाक्य संरचनामा आउने नाम, सर्वनाम, विशेषण र क्रियापदका बिच लिङ्ग, वचन, पुरुष र आदरका आधारमा मेल गर्नु पदसङ्गति हो । नेपाली भाषामा हेर्दा मूलतः उद्देश्य र विधेय, नाम र सर्वनाम, विशेष्य र विशेषण, भेद्य र भेदक तथा नाम र कोटिकारका बीचमा सङ्गति भेटिन्छ । प्रस्तुत लेखमा विद्यार्थीहरूमा पदसङ्गति प्रयोग क्षमताको परीक्षण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ :

*तालिका ९. सङ्गति क्षमताको तुलनात्मक स्थिति*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| पूर्णाङ्क | ५ | ५ |
| प्राप्ताङ्कको कुल योग | ५९ | ४९ |
| औसत अङ्क | २.९५ | २.४५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ४ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |

प्रश्न नं नौ मा विद्यार्थीहरूलाई पदसङ्गति मिलाई लेख्न पाँच अङ्कको प्रश्न दिइएको थियो जसमा ग्रामीण क्षेत्रका २० जना विद्यार्थीहरूले प्राप्त गरेको अङ्कको कुल योग ५९ रहेको छ भने सहरी क्षेत्रका विद्यार्थीहरूको प्राप्ताङ्कको कुल योग ४९ रहेको छ । ग्रामीण विद्यालयतर्फको औसत अङ्क २.५९ छ भने सहरीतर्फको २.४५ छ । अतः पदसङ्गति मिलानमा सहरीभन्दा ग्रामीण क्षेत्रका विद्यार्थीको अवस्था राम्रो छ । यस्तै ग्रामीण विद्यालको सबैभन्दा बढी अङ्क ५ र सबैभन्दा कम अङ्क १ रहेको छ । सहरी विद्यालयको सबैभन्दा बढी अङ्क ४ र सबैभन्दा कम अङ्क १ रहेको छ । यहाँ कम प्राप्ताङ्कमा समानता भए पनि बढी अङ्क प्राप्त गर्नेमा ग्रामीण विद्यालय अगाडि छ । निष्कर्षतः पदसङ्गति मिलानमा ग्रामीण क्षेत्रका विद्यार्थीहरूको क्षमता राम्रो रहेको देखिन्छ ।

### ग्रामीण र सहरी विद्यालयको समग्र स्थितिको तुलनात्मक विश्लेषण

लमजुङ र नवलपरासी गरी दुई फरक विद्यालयका २०/२० गरी जम्मा ४० जना विद्यार्थीहरूलाई छनोट गरी ३० पूर्णाङ्कको परीक्षणमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग, औसत अङ्क, सबैभन्दा बढी र सबैभन्दा कम प्राप्ताङ्कको समग्र तुलनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका १०. ग्रामीण र सहरी विद्यालयको व्याकरणिक क्षमता सम्बन्धी समग्र स्थितिको तुलना*

| विद्यालयको प्रकृति | ग्रामीण विद्यालय | सहरी विद्यालय |
|---|---|---|
| **जम्मा विद्यार्थी सङ्ख्या** | २० | २० |
| **पूर्णाङ्क** | ३० | ३० |
| **प्राप्ताङ्कको कुल योग** | ३६१ | ४०६ |
| **औसत अङ्क** | १८.०५ | २०.३ |
| **सबैभन्दा बढी प्राप्ताङ्क** | २९ | २६ |
| **सबैभन्दा कम प्राप्ताङ्क** | १२ | १४ |

३० पूर्णाङ्कको नौ वटा व्याकरणिक पक्ष सम्बन्धी परीक्षण गर्दा ग्रामीण भेगका २० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ३६१ रहेको देखिन्छ । सहरी भेगका २० जना विद्यार्थीहरूले सोही पूर्णाङ्कको परीक्षणमा ल्याएको प्राप्ताङ्कको कुल योग ४०६ देखिन्छ । यसैगरी ग्रामीण र सहरी विद्यालयका विद्यार्थीरूको प्राप्ताङ्कको औसत अङ्क क्रमशः १८.०५ र २०.३ देखिन्छ । यसरी यी दुई पक्षमा सहरी विद्यालयको नतिजा राम्रो देखिन्छ । यसैगरी जम्मा ३० पूर्णाङ्को परीक्षणमा ग्रामीणतर्फ का २० विद्यार्थीहरूमध्येको उच्च अङ्क २९ र न्यून अङ्क १२ देखिन्छ भने सहरीतर्फ सबैभन्दा बढी प्राप्ताङ्क २६ र न्यून अङ्क १४ देखिन्छ । यसरी हेर्दा व्याकरणिक सक्षमताको परीक्षणमा समग्र स्थितिको तुलना गर्दा गर्दा कूल प्राप्ताङ्क, औसत अङ्कमा ग्रामीणभन्दा सहरी विद्यालयको स्थिति राम्रो देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा ग्रामीण र सहरी क्षेत्रका आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूको व्याकरणिक सक्षमता कस्तो छ भनी तुलनात्मक अध्ययन गरिएको छ । यससन्दर्भमा कार्यमूलक व्याकरण अन्तर्गतका पक्षहरू मध्ये मूलतः शब्दवर्ग, कारक, लिङ्ग, वचन, पुरुष, काल, धुवीयता, भाव र पदसङ्गतिसँग सम्बन्धित रही नौ पक्षमा व्याकरणिक क्षमताको परीक्षण गरिएको छ । विद्यार्थीहरूमा पाठ्यक्रम अपेक्षित कुराहरूको विकास भए नभएको मूल्याङ्कनार्थ उक्त पक्षसँग सम्बन्धित ३० पूर्णाङ्कको प्रश्नावली तयार पारी दुई फरक भौगोलिक क्षेत्रका विद्यालयका जम्मा ४० जना विद्यार्थीमा परीक्षण गरिएको छ । जसमा औषत अङ्कलाई आधार मान्दा सहरी क्षेत्रका विद्यार्थीहरूको शब्दवर्ग, कारक, पुरुष, काल, धुवीयता, भाव पहिचान तथा प्रयोग क्षमता ग्रामीणको भन्दा राम्रो रहेको पाइएको छ । लिङ्ग र पदसङ्गति प्रयोग क्षमता भने ग्रामीण विद्यालयको राम्रो पाइएको छ । वचन प्रयोग क्षमतामा दुवै विद्यालयको औषत अङ्क समान पाइएको छ । यसैगरी ग्रामीण क्षेत्रको विद्यार्थीले ३० पूर्णाङ्कमा २९ अङ्क (एक जनाले) प्राप्त गरेको देखिन्छ भने सहरीतर्फको विद्यार्थीले २६ (एक जनाले) अङ्क प्राप्त गरेको पाइएको छ । तथापि समग्र स्थितिको तुलना गर्दा ग्रामीणतर्फको औषत अङ्क १८.५ छ । यस्तै सहरीतर्फको २०.३ रहनुले ग्रामीण क्षेत्रको विद्यालयको तुलनामा सहरी क्षेत्रको विद्यालयको नतिजा राम्रो रहेको पाइन्छ । विद्यार्थीहरूको बढी प्राप्ताङ्क हेर्दा दुवै विद्यालयका विद्यार्थीले शब्दवर्ग, लिङ्ग, वचन, पुरुष, धुवीयता र भाव पक्षमा पूर्णाङ्क बराबरकै अङ्क (पाँचमा पाँच, तीनमा तीन र दुईमा दुई) प्राप्त गरेको भेटिन्छ । यसैगरी कम अङ्क हेर्दा ग्रामीण क्षेत्रको विद्यालयको विद्यार्थीको वचन प्रयोग क्षमतामा शून्य र सोही प्रश्नमा सहरीतर्फ १ अङ्क प्राप्त गरेको देखिन्छ । समग्रतः प्राप्त तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तह उत्तीर्ण विद्यार्थीहरुमा व्याकरणिक तत्त्व पहिचान तथा प्रयोग क्षमता मध्यम रहेको देखिएको छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०७६), समसामयिक नेपाली व्याकरण (सातौ सं.), काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६६), प्रयोगात्मक नेपाली शब्दकोश(तेस्रो सं.) काठमाडौं : विद्यार्थी पुस्तक प्रा.लि. ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

खतिवडा, नारायण प्रसाद (२०६४), माध्यमिक तहको नेपाली पाठ्यकममा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरूको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा विभाग, कीर्तिपुर ।

ढकाल र खतिवडा (२०६९), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : शुभकामना प्रकाशन ।

पौडेल, माधबप्रसाद (२०६९), प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू, काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रीबयुटर्स प्रा. लि. ।

पौडेल, हेमनाथ, भट्टराई, रमेशप्रसाद र चौलागाईं प्रेमप्रसाद (२०७७),प्रज्ञा नेपाली शैक्षणिक व्याकरण, काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भण्डारी, पारसमणि (२०७४), प्राज्ञिक लेखन तथा सम्पादन, काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

लम्साल, रामचन्द्र (२०६८), नेपाली भाषा र व्याकरण, काठमाडौं : सनलाइट पब्लिकेसन ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), नेपाली भाषा र साहित्य शिक्षण,काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०६१), शब्दरचना र वर्णविन्यास वाक्यतत्त्वअभिव्यक्ति र साहित्य,काठमाडौँः काठमाडौं बुक सेन्टर ।

शर्मा, मोहनराज (२०७१), प्रज्ञा नेपाली सन्दर्भ व्याकरण, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।